सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक २९४ ♦ २०८३ साल असार २६ शुक्रवार ♦ 10 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# एसइईपछि सहरतर्फ विद्यार्थीको आकर्षण बढ्दा

## मधेशका स्थानीय विद्यालयमा प्लस टु सङ्कट

खबर दर्पण समाचारदाता

**असार २५ गते, बर्दिवास**




मधेश प्रदेशका विद्यार्थी एसइईपछि उच्च शिक्षाका लागि काठमाडौँ, विराटनगर, धरान तथा अन्य सहरका विद्यालय रोज्न थालेपछि स्थानीय सामुदायिक तथा ग्रामीण क्षेत्रका विद्यालयमा कक्षा ११ र १२ मा विद्यार्थी अभाव चुलिँदै गएको छ। यसले विशेषगरी गाउँघरका उच्च माध्यमिक विद्यालय सञ्चालनमै चुनौती थपिएको छ। प्रदेशका आठवटै जिल्लामा देखिएको यो प्रवृत्तिका कारण कक्षा १० सम्म विद्यार्थीको उपस्थिति सन्तोषजनक भए पनि प्लस टु तहमा पुग्दा विद्यार्थी सङ्ख्या उल्लेख्य रूपमा घट्ने गरेको तथ्याङ्कले देखाएको छ। विद्यार्थी भर्नादर ९६ प्रतिशतभन्दा बढी भए पनि प्लस टुसम्म पुग्दा आधाभन्दा कम विद्यार्थी मात्र विद्यालयमा रहने अवस्था छ।

### महोत्तरीमा निजी विद्यालयप्रति बढ्दो आकर्षण

शिक्षा विकास तथा समन्वय एकाइ महोत्तरीका अनुसार कक्षा ११ र १२ मा सामुदायिक विद्यालयको तुलनामा निजी विद्यालयप्रति विद्यार्थीको आकर्षण तीव्र रूपमा बढेको छ। २०८१ देखि २०८२ सम्मको तथ्याङ्कअनुसार सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या ४.५१ प्रतिशतले घट्दा निजी विद्यालयमा ३६.२२ प्रतिशतले वृद्धि भएको छ।

२०८१ मा उच्च माध्यमिक तहमा ९,४०७ विद्यार्थी अध्ययनरत रहेकामा २०८२ मा यो सङ्ख्या घटेर ९,२४६ पुगेको छ। सामुदायिक विद्यालयमा ३९५ विद्यार्थी घटेका छन् भने निजी विद्यालयमा विद्यार्थी सङ्ख्या ६४६ बाट बढेर ८८० पुगेको छ।

जिल्लाका ७७ उच्च माध्यमिक विद्यालयमध्ये ६२ सामुदायिक र १५ निजी विद्यालय रहेका छन्।

श्री जनता माध्यमिक विद्यालय, एकडाराका प्रधानाध्यापक जिवछ ठाकुरका अनुसार विज्ञान, व्यवस्थापन, लेखा तथा सिपमूलक शिक्षाका लागि विद्यार्थी जिल्ला बाहिर जाने क्रम बढेको छ। सामुदायिक विद्यालयले गुणस्तरीय पठनपाठन, विषयगत शिक्षक, शैक्षिक वातावरण र अभिभावकको विश्वास जित्न नसक्दा विद्यार्थी टिकाउन कठिन भएको उहाँको भनाइ छ।

### धनुषामा काठमाडौँ मोह

धनुषासहित मधेशका विभिन्न जिल्लाबाट एसइई उत्तीर्ण गरेका विद्यार्थी काठमाडौँलगायतका ठूला सहरमा अध्ययन गर्न जाने क्रम बढेपछि स्थानीय विद्यालयमा कक्षा ११ को भर्ना घटेको छ। ढल्केबरस्थित महेन्द्र माध्यमिक विद्यालयबाट यस वर्ष एसइईमा सहभागी सबै १०८ विद्यार्थी उत्तीर्ण भए पनि हालसम्म करिब २५ जना मात्र आफ्नै विद्यालयमा कक्षा ११ मा भर्ना भएका छन्। अधिकांश विद्यार्थी अन्य विद्यालय वा काठमाडौँका शैक्षिक संस्थामा गएको विद्यालय प्रशासनको अनुमान छ।

शिक्षाविद् डा. राजेन्द्र ठाकुरका अनुसार अभिभावक र विद्यार्थीमा काठमाडौँका विद्यालयप्रतिको आकर्षण बढेकाले स्थानीय विद्यालयमा अपेक्षाकृत कम भर्ना हुने गरेको छ। उहाँले स्थानीय विद्यालयप्रति विश्वास बढाउन गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने सुझाव दिनुभयो।

शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशका शिक्षा महाशाखा प्रमुख उज्ज्वल पोखरेलले विद्यार्थीले गुणस्तरीय शिक्षाको खोजीमा बाहिर जानु स्वाभाविक भए पनि प्रदेशभित्रका शैक्षिक संस्थालाई थप सक्षम र प्रतिस्पर्धी बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

### सप्तरीका ग्रामीण विद्यालय सञ्चालनमै चुनौती

सप्तरीका ग्रामीण क्षेत्रमा सञ्चालित उच्च माध्यमिक विद्यालयमा विद्यार्थी अभावका कारण सञ्चालनमै समस्या देखिन थालेको छ। विद्यार्थी राजविराज, विराटनगर, धरान तथा काठमाडौँतर्फ जाने क्रम बढेपछि गाउँका विद्यालयमा भर्ना घट्दै गएको हो।

शिक्षा विकास तथा समन्वय एकाइ सप्तरीका प्रमुख वीरेन्द्रकुमार यादवका अनुसार केही विद्यालयमा विद्यार्थी सङ्ख्या राम्रो भए पनि अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थी अभाव देखिएको छ। नरबहादुर थापा जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक नागेन्द्र सिंहका अनुसार आर्थिक रूपमा कमजोर, पूरक वा एक्जाम्प्टेडबाट उत्तीर्ण भएका तथा दलित र विवाहित छात्राहरू मात्र स्थानीय विद्यालयमा भर्ना हुने गरेका छन्।

### रौतहटमा गुणस्तर र शिक्षक अभाव


रौतहटका ६० सामुदायिक विद्यालयमा प्लस टु सञ्चालन भए पनि विद्यार्थी सङ्ख्या वर्षेनि घटिरहेको छ। शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख नन्दकिशोर गुप्ताका अनुसार गुणस्तरीय शिक्षा, पूर्वाधार, विषयगत शिक्षकको अभाव तथा राजनीतिक हस्तक्षेपका कारण विद्यार्थी सामुदायिक विद्यालयबाट टाढिँदै गएका छन्। अभिभावकहरूले विद्यालयको गुणस्तर सुधारमा प्रभावकारी पहल हुन नसकेको गुनासो गरेका छन्। गाउँपालिका तथा विद्यालयहरूले पूर्वाधार र अनुभवी शिक्षक व्यवस्थापन गरेर विद्यार्थी आकर्षित गर्ने प्रयास थाले पनि अपेक्षित सफलता मिल्न सकेको छैन।

*बाँकी पृष्ठ ३ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, [illegible]तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# अव्यवस्थित फोहर व्यवस्थापनप्रति अधिकारकर्मीको ध्यानाकर्षण



**खबर दर्पण समाचारदाता**

**असार २५ गते, बर्दिवास**

वातावरणीय मानव अधिकार रक्षकहरुले फोहर ब्यवस्थापनमा प्रदेश सरकारको भुमिका निरासाजनक भएको भन्दै ०८३ असार २४ गते सम्बन्धित मन्त्रालयमा ध्यानाकर्षण पत्र बुझाएका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेश संयोजक राजु पासवान,. मानव अधिकार रक्षक सञ्जाल, मधेश प्रदेश अध्यक्ष राजकुमार महासेठ, कायापलटका संस्थापक अध्यक्ष दिवाकर उप्रेति , निल हिरा समाज मधेश प्रदेश संयोजक प्रदिप यादव, वातावरणीय मानव अधिकार रक्षक सञ्जालका मधेश प्रदेश अध्यक्ष धिरज साह, सदस्य सचिव ममता विश्वकर्मा , सहस्यहरु प्रत्युस ठाकुर, जमुना भुजेल, विनोद महरा,बलराम साह, अमित मिश्र, पुरुषोतम यादव तथा सञ्चारकर्मीहरुले सयुक्त रुपमा मधेस प्रदेश सरकारको वन तथा वातावरण मन्त्री माननीय शंकरप्रसाद चौधरी ,स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय नागेन्द्र साह , मधेश प्रदेश वन तथा वातावरण मन्त्रालयका प्रदेश सचिव जीवनाथ पौडेल तथा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइटेललाई ध्यानाकर्षण पत्र बुझाएका हुन् ।

ध्यानाकर्षण पत्र बुझ्दै ,स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय नागेन्द्र साहले मानवअधिकार रक्षकहरुको यस्ता ध्यानाकर्षण कार्यले सरकारलाई अझ जवावदेहि बन्न प्रेरित गरेको भन्नुभयो । साथै प्रदेश सरकारको मातहतमा रहेको स्वास्थ्य प्रतिष्ठानहरुको अनुगमनको पाटोलाई प्रभाकारी रुपमा नलिएको प्रति आत्मालोचना भएको भन्नुभयो । तसर्थ अब अनुगमनमा नागरिक समाजसँग सहकार्य गर्ने प्रतिवद्धता ब्यक्त गर्नुभयो ।

त्यसैगरी वन तथा वातावरण मन्त्री माननीय शंकरप्रसाद चौधरीले स्वास्थ्य संस्थाबाट निस्कने जैविक जोखिमयुक्त फोहरको सुरक्षित व्यवस्थापन केवल प्रशासनिक वा प्राविधिक विषय मात्र नभई नागरिकको वातावरणीय मानव अधिकार, स्वास्थ्यको अधिकार र जीवनको अधिकारसँग प्रत्यक्ष रूपमा सम्बन्धित विषय भएको भन्नुभयो ।त्यसैले सम्बन्धित निकायले प्रचलित कानुन र मापदण्डअनुसार यसको प्रभावकारी व्यवस्थापनका लागी अग्रसर रहनु आफ्नो मन्त्रालयको पनि दायित्व हो भन्नुभयो ।

प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइटेलले स्वच्छ वातावरणले स्वस्थ जीवनको आधार तयार गर्ने हुँदा प्रदूषित वातावरणले विभिन्न प्रकारका रोग, संक्रमण तथा दीर्घकालीन स्वास्थ्य समस्या निम्त्याउने भएकाले प्रशासन यसतर्फ सचेत रहेको भन्दै मानवअधिकार कर्मीहरुले गरेको अनुगमन र ध्यानाकर्षण पत्र बास्तविक ऐना भएको भन्नुभयो । उचित फोहर व्यवस्थापन नहुनु तथा स्वस्थ्य संस्थाको यस किसिमको लापर बाहिले नागरिकको स्वास्थ्यमा असर पर्ने हुँदा मानवअधिकार कर्मी ,स्थानीय सरकार तथा सम्बन्धित मन्त्रालयसँग समन्वयात्मक भुमिका र पहल गर्ने बताउनुभयो । वातावरणीय मानव अधिकार रक्षकहरुले असार १९ गते जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्रका विभिन्न अस्पताल, क्लिनिक, प्याथोलोजी प्रयोगशाला तथा ल्यान्डफिल साइटको अनुगमन गरेको थियो ।



अनुगमनमा स्वास्थ्य संस्थाहरूले ठोस फोहर व्यवस्थापन ऐन, २०६८ को दफा ४(२) बमोजिम आफ्नो फोहर सुरक्षित रूपमा व्यवस्थापन गर्नुपर्ने कानुनी दायित्व प्रभावकारी रूपमा पालना नगरेको,अस्पताल, क्लिनिक तथा प्याथ ल्याबबाट उत्पन्न हुने जैविक जोखिमयुक्त फोहरको व्यवस्थापन अत्यन्त कमजोर तथा प्रचलित कानुनी व्यवस्था र मापदण्ड विपरीत रहेको ,खस्वास्थ्य संस्थाको फोहर व्यवस्थापन निर्देशिका, सन् २०२० बमोजिम जैविक जोखिमयुक्त फोहरको वर्गीकरण, संकलन, भण्डारण, ढुवानी तथा अन्तिम व्यवस्थापन नगरेको , ल्यान्डफिल साइटमा फोहर संकलन गर्ने व्यक्तिहरू पर्याप्त व्यक्तिगत सुरक्षा सामग्री (एएभ) बिना कार्य गरिरहेको देखिएकाले उनीहरू संक्रमणको उच्च जोखिममा रहेको जस्ता तथ्यहरु देखिएकाले ल्यान्डफिल साइटबाट फैलिने दुर्गन्धका कारण आसपासका किसान तथा स्थानीय बासिन्दाहरू प्रभावित भएको भन्दै जैविक जोखिमयुक्त फोहरको अव्यवस्थित व्यवस्थापनका कारण ल्यान्डफिल साइट वरपरका समुदायमा सङ्क्रामक फैलिने तथा नागरिकको स्वास्थ्यमा गम्भीर जोखिम उत्पन्न हुने अवस्था आउने भएकाले प्रदेश सरकार यस विषयमा गम्भिर हुन नितान्त आवश्यक रहेको इन्सेक प्रदेश संयोजक राजु पासवानले बताउनुभयो ।

उक्त अनुगमनका क्रममा स्वास्थ्य संस्थाहरूबाट उत्पन्न हुने जैविक जोखिमयुक्त फोहरको संकलन, वर्गीकरण, ढुवानी तथा अन्तिम व्यवस्थापनको अवस्थाबारे निरीक्षण गरिएको कायापलटका दिवाकर उप्रतीले बताउनुभयो ।

त्यस्तै सुरक्षित तथा स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको संवैधानिक अधिकारमा सरोकारबालाको गैर-जिम्मेवारीपनले प्रत्यक्ष असर पारेको बताउदै तत्काल आवश्यक कदम चाल्न मानवअधिकारकर्मीहरुले सम्बन्धित मन्त्रालयलाई ध्यानाकर्षण गराएको जमुना भुजेलको भनाई छ ।

ध्यानाकर्षण पत्रमा जैविक जोखिमयुक्त फोहरको सुरक्षित संकलन, वर्गीकरण, ढुवानी र अन्तिम व्यवस्थापन सुनिश्चित गर्नुका साथै स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन, कानुनी कारबाही, श्रमिकको सुरक्षा, ल्यान्डफिल साइटको प्रभावकारी व्यवस्थापन तथा संविधानद्वारा सुनिश्चित स्वच्छ वातावरणको हकको कार्यान्वयनका लागि सम्बन्धित निकायले तत्काल, प्रभावकारी र दीर्घकालीन सुधारात्मक कदम चाल्नु पर्ने लगायत ११ बुँदे माग गरिएको छ ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बढ्यार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ढल्केबर-हेटौँडा प्रसारण लाइनको बाटो खुल्यो

**खबर दर्पण समाचारदाता**
**असार २५ गते, बर्दिवास**

सरकारले १२ वर्षदेखि विभिन्न कारणले रोकिएको ढल्केबर-हेटौँडा ४०० केभी प्रसारण लाइन निर्माणको अवरोध हटाएको छ । बुधबारको मन्त्रीपरिषद्को निर्णयसँगै आयोजनाको मकवानपुर खण्डमा वन क्षेत्र प्रयोग गर्ने अनुमति प्राप्त भएको हो ।

मन्त्रीपरिषद् बैठकले नेपाल विद्युत् प्राधिकरणलाई वन ऐन, २०७६ को दफा ४२९१० बमोजिम मकवानपुरको हेटौँडा-१५ स्थित रातोमाटे सामुदायिक वन उपभोक्ता समूह तथा बकैया-२ स्थित सरस्वती सामुदायिक वन उपभोक्ता समूह अन्तर्गतको राष्ट्रिय वनको २।२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ । साथै उक्त क्षेत्रमा रहेका विभिन्न प्रजातिका एक हजार २९२ वटा रुख हटाउन पनि स्वीकृति प्रदान गरेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार लामो समयदेखि वन क्षेत्रको स्वीकृति, राइट अफ वे (मार्गाधिकार) तथा रुख कटानसम्बन्धी निर्णय नहुँदा आयोजना रोकिएको थियो । ढल्केबर-हेटौँडा-इनरुवा करिडोर करिब ३०० किलोमिटर लामो रहेको र ४०० केभी उच्च भोल्टेज प्रसारण लाइनका लागि ४६ मिटर चौडाइको मार्गाधिकार आवश्यक पर्ने भएकाले वन क्षेत्रको अनुमति अत्यावश्यक थियो ।

हेटौँडादेखि बुटवलसम्म २२० केभी प्रसारण लाइनको सर्किट निर्माण भइसकेको छ । नयाँ ४०० केभी प्रसारण लाइन सञ्चालनमा आएपछि पूर्व-पश्चिम विद्युत् प्रवाह सहज हुने, प्रणालीको विश्वसनीयता बढ्ने,



पटक-पटक हुने ट्रिपिङ तथा विद्युत् अवरोधमा कमी आउने र अतिरिक्त विद्युत् भारत निर्यात गर्न सहज हुने छ ।

नेपाल विद्युत् प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले प्रसारण लाइन सञ्चालनमा आएपछि नेपालको राष्ट्रिय प्रसारण प्रणाली थप सुदृढ, सन्तुलित र भरपर्दो हुने छ । पूर्वमा उत्पादन भएको विद्युत् पश्चिम र पश्चिममा उत्पादन भएको विद्युत् पूर्वसम्म प्रवाह गर्न मिल्ने बताउनुभयो ।

यसैबिच, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले यो परियोजनालाई 'ऊर्जा राजमार्ग' का रूपमा चित्रण गर्दै यसबाट मुलुकको विद्युत् निर्यात क्षमता बढेको र हालको करिब एक हजार मेगावाट विद्युत् निर्यात गर्नसक्ने क्षमता प्रसारण प्रणाली पूर्ण रूपमा सञ्चालनमा आएपछि दुई हजार ५०० देखि तीन हजार मेगावाटसम्म विद्युत् निर्यात गर्न सकिने बताउनुभएको छ ।

-रासस

# प्रधानमन्त्री शाहको पुत्ला दहन

**अशोक पहाडी,रौतहट**

रौतहटको मौलापुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नपठाई बजेट फ्रिज गराएको आरोप लगाउँदै स्थानीयले आज प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहको पुत्ला दहन गरेका छन्। आन्दोलनकारीले 'मौलापुरको बजेट फ्रिज गराउने सरकार मुर्दावाद', 'मौलापुरमा हाकिम पठाऊ', 'अदालतको आदेश कार्यान्वयन गर 'लगायतका नाराबाजी गर्दै संघीय सरकार र संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलविरुद्ध पनि विरोध जनाएका थिए।

स्थानीयका अनुसार सामान्य प्रशासन मन्त्रालयले सरुवा गरी पठाएका प्रमुख प्रशासकीय अधिकृत सुरेशबाबु घिमिरे लामो समयदेखि जिम्मेवारीमा नआएपछि मन्त्रालयले फिर्ता बोलाएको भए पनि अहिलेसम्म नयाँ अधिकृत नपठाउँदा नगरपालिका ठप्पजस्तै बनेको छ। यसको असर बजेट कार्यान्वयन, शिक्षकको तलब, बहुक्षेत्रीय पोषण कार्यक्रम, सरसफाइ तथा विद्युत-पानीको भुक्तानीमा परेको उनीहरूको भनाइ छ।

यसअघि नगर शिक्षकले ६ महिनादेखि तलब नपाएको भन्दै पेनडाउन गरेका थिए भने लाभग्राही र सरसफाइ कर्मचारी पनि आन्दोलनमा उत्रिएका छन्। यसैबिच, मौलापुरकी मेयर रिना साहले प्रमुख प्रशासकीय अधिकृत रिक्त राखेर संघीय सरकारले योजनाबद्ध रूपमा बजेट फ्रिज गराउने षड्यन्त्र गरेको आरोप लगाएकी छिन्। बजेट कार्यान्वयनको संवेदनशील समयमा अधिकृत नपठाएर स्थानीय तहलाई अन्योलमा धकेलिएको उनको दाबी छ।

# एसइईपछि सहरतर्फ ......

**सिराहामा उत्कृष्ट विद्यार्थी बाहिरिने प्रवृत्ति**

सिराहामा कक्षा ११ र १२ सञ्चालन गर्ने विद्यालयको सङ्ख्या एक सय पुगे पनि एसइईमा 'ए' र 'ए प्लस' ग्रेड ल्याउने अधिकांश विद्यार्थी काठमाडौं र विराटनगरतर्फ जाने गरेका छन्।

राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय लहानका सूचना अधिकारी किशोर निरौलाका अनुसार सामुदायिक विद्यालयले उत्कृष्ट विद्यार्थीलाई आफ्नै जिल्लामा टिकाउन सकेका छैनन्। ग्रामीण क्षेत्रका धेरै विद्यालयमा कक्षा सञ्चालन व्यवस्थित नभएकाले पनि विद्यार्थी बाहिरिने क्रम बढेको उहाँले बताउनुभयो।

**गुणस्तरीय शिक्षामा जोड आवश्यक**

शिक्षाविद्, विद्यालय प्रशासन तथा शिक्षा क्षेत्रका सरोकारवालाहरूले स्थानीय विद्यालयप्रति विद्यार्थी र अभिभावकको विश्वास बढाउन गुणस्तरीय शिक्षा, दक्ष शिक्षक, आधुनिक पूर्वाधार र रोजगारमुखी विषयको विस्तार अपरिहार्य रहेको बताएका छन्। अन्यथा, एसइईपछि विद्यार्थी सहर केन्द्रित हुने प्रवृत्ति अझ बढ्दै जाने र ग्रामीण क्षेत्रका उच्च माध्यमिक विद्यालय थप सङ्कटमा पर्ने चेतावनी उनीहरूको छ।


नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन बमोजीम मिति २०६५।०५।१२ मा दर्ता भएको प्रा.लि.नं.५५६९२ भएको वर्ल्ड रिच इमिग्रेसन फाउन्डेसन (प्रा.ली.) को २०८३।०३।२५ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

**लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८**
**कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ**
**सम्पर्क नम्वर:९८४९७१४८६७**



## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

# मधेशका अस्पतालमा सर्पदंशको औषधी र रेबिजविरुद्धको भ्याक्सिन अभाव

**खबर दर्पण समाचारदाता**

**असार २५ गते, बर्दिवास**

मधेश प्रदेशका अधिकांश अस्पतालमा सर्पदंशको औषधी र रेबिजविरुद्धको भ्याक्सिनको अभाव देखिएको छ।

सर्पदंशको उपचारमा प्रयोग हुने एन्टिस्नेक भेनम सिरम र कुकुर लगायतका जनावरको टोकाइबाट हुने सङ्क्रमण रोक्न प्रयोग गरिने एन्टिरेबिज भ्याक्सिनको अभाव देखिएको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मधेश प्रदशका सचिव डा. प्रमोद यादवले समयमै आपूर्ति हुन नसक्दा एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिनको अभाव भएको बताउनुभयो।

उहाँले केही अस्पतालमा सीमित मात्रामा एन्टि स्नेक भेनम तथा एन्टिरेबिज भ्याक्सिन मौज्दात रहे पनि अधिकांश स्थानमा मौज्दात सकिने अवस्थामा पुगेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "कतिपय स्वास्थ्य संस्थामा सीमित मौज्दात छ भने धेरैजसोमा निकै कम मात्रामा छ।"

उहाँका अनुसार मधेश प्रदेशमा हाल २७ वटा अस्पतालबाट सर्पदंशको उपचार सेवा सञ्चालन हुँदै आएको छ। वर्षायामसँगै सर्पदंशका घटना बढिरहेका बेला प्रतिविषको अभाव हुँदा उपचार सेवा प्रभावित हुने र बिरामीको ज्यान जोखिममा पर्ने चिन्ता बढेको छ।

यस अवधिमा खेतबारी, बस्ती र पानी जम्ने क्षेत्रमा सर्पको सक्रियता बढ्ने भएकाले उपचारका लागि एन्टिस्नेक भेनम आवश्यक भएको सचिव यादवको भनाइ छ।

प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार हाल सबैभन्दा बढी प्रादेशिक अस्पताल जनकपुरमा एन्टिस्नेक भेनम ३५० भाइल मौज्दात रहेको छ। तर, प्रादेशिक अस्पताल कलैया, धनुषाधाम नगरपालिका अस्पताल (धनुषा), तथा गौशाला नगर अस्पताल (महोत्तरी) मा एन्टिस्नेक भेनमको मौज्दात शून्य रहेको छ।




त्यसैगरी सात वटा अस्पतालमा २०/२० भाइलका दरले मात्र मौज्दात रहेको छ। प्रादेशिक अस्पताल मलङ्गवामा २५०, प्रादेशिक अस्पताल सिराहामा १५०, सर्पदंश उपचार केन्द्र नवलपुरमा २१०, सर्पदंश उपचार केन्द्र बर्दिवासमा १५०, चोहर्वा सर्पदंश उपचार केन्द्र सिरहामा २१० तथा अन्य स्वास्थ्य संस्थामा सय वा सोभन्दा कम भाइल मौज्दात रहेको मन्त्रालयको विवरणमा उल्लेख छ।

मन्त्रालयका सचिव डा. यादवका अनुसार सर्पदंशको एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिन खरिदका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अर्थ मन्त्रालयसँग दुई/दुई करोड रुपियाँका दरले चार करोड रुपियाँ माग गरिएको छ। तर, बजेट निकासा हुन नसक्दा खरिद प्रक्रिया अघि बढ्न नसकेको उहाँले बताउनुभयो।

मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिन नेपाली बजारमा पर्याप्त मात्रामा उपलब्ध नरहेको बताउँदै उपलब्ध हुनेबित्तिकै खरिद प्रक्रिया अघि बढाउने बताउनुभयो।

सङ्घीय स्वास्थ्य निकायबाट खरिद तथा आपूर्तिमा भएको ढिलाइका कारण प्रदेश तथा स्थानीय तहअन्तर्गत सञ्चालित अस्पतालतमा एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिन नियमित आपूर्ति हुन नसकेको उहाँले जानकारी दिनुभयो।

सधै र सबैको लागि खबर खोज्ने अभियान
खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

तपाईहरु संग कुनै गजल.कविता छ भने,फोटो सहित कमेन्ट गर्नुहोस् ,तपाईको गजल. कविता भोलीको खबर दर्पण राष्ट्रिय दैनिक पत्रिकामा शनिबार प्रकाशित हुनेछ ।

नोट : कृपया अगाडि हप्ता पर्ने साथीहरू नपठाउनुहोला ।
*अनि बेलुकाको ६ बजे भित्र सम्म प्राप्त भएको गजल.कविता मात्र लिनेछौ ।
*स्कूलका छात्र.छात्रालाई विशेष प्राथमिकता दिनेछ ।

थप जानकारीको लागि
अजय कुमार साह,धर्वेन्द्र कुमार यादव"यदुवन्शी"
(९८०७६७५१२५,९८४४०२५१८४,९८५४०२९०५३,९८०७८५०५८१)

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४।०४।२५ मा दर्ता भएको प्रा.लि.नं.१७२७५२ भएको फोरटेक नेपाल (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०२।१९ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०८२।१०।०८ मा दर्ता भएको प्रा.लि.नं.३८३४९० भएको व्हिस्क एण्ड स्लाइस रेष्टुरेन्ट (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०३।२४ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**सन्तुलित जनसंख्याः विकासको आधार**

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर–किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

**स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।**

**औरही नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,